म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १९३ बुधबार ९ फागुन २०८० ने. सं. ११४४ सिल्लाथ्व 21 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहामा दर्ता बिना अटो चलाए कारबाही

हेटौँडा, ८ फागुन/थाहा नगरपालिकाको नगरप्रहरीले नगरक्षेत्रमा दर्ता नगरी संचालन गरिरहेका अटोको चेकजाँच सुरु गरेको छ । नगरपालिकाले अटो दर्ता गर्न पटकपटक सूचना प्रकाशन तथा प्रसारण गर्दा पनि अटेर गरेर संचालन गर्ने अटोमाथि चेकजाँच सुरु गरिएको नगरप्रहरीप्रमुख किरण गिरीले जानकारी दिए । नगरप्रहरीले ८ फागुनमा २५ वटा अटो नियन्त्रणमा लिइ चेकजाँच गरेको जनाएको छ । नियन्त्रणमा लिएका अटोलाई दर्ता गर्न सचेत गराइएको थियो । चेकजाँचको क्रममा कतिपय अटोको ब्लुबुक समेत नवीकरण नगरी चलाइएको पाइएको थियो । ब्लुबुक नवीकरण नभएको अटोको दर्ता नहुने जानकारी सहित नवीकरणको निम्ति समय दिएर सचेत गराइएको नगरप्रहरीप्रमुख गिरीले जानकारी दिए । थाहानगरक्षेत्रभित्र २ सय ५० अटो संचालनमा रहेको अनुमान गरिएको भएपनि नगरपालिकामा ८१ वटा मात्र अटो दर्ता रहेको अभिलेख छ ।

# साढे ४ महिनापछि प्रदेशसभा बोलाउने निर्णय, प्रतिपक्षको प्रतिकार रणनीति

साझाकुरा संवाददाता

हेटौँडा, ८ फागुन/चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रतिपक्षका सांसदका योजना समावेश गर्ने सहमति कार्यान्वयन नभएको सन्दर्भमा विवादबीच प्रदेशसभा बैठक बोलाउने निर्णय गरिएको छ ।

बागमती प्रदेशसभा बैठक १५ फागुनमा आह्वान गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको छ । ८ फागुन मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले हिउँदे अधिवेशन आह्वान गर्ने निर्णय गरेको हो । चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा प्रतिपक्षका सांसदका योजना समावेश गर्ने विषयमा सत्तापक्ष र प्रतिपक्षबीच सहमति हुन नसक्दा प्रदेशसभा २२ असोजमा बसेपछि अनिश्चित बनेको थियो ।



प्रदेशसभा बैठक बोलाउन प्रदेशप्रमुख कार्यालयलाई सिफारिस गर्ने निर्णय गरेको आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिहं लामाले जानकारी दिए । लामाले प्रतिपक्ष दलसँग विगतको योजना समावेश गर्ने सहमतिको विषयमा कुनै सहमति नभएको बताए । 'उहाँहरुसँग पटक-पटक वार्तामा बसेका थियौं, कुनै सहमति भने भएको छैन । सहमति कार्यान्वयन गर्न समस्या देखिएको हो ।', लामाले भने ।

सरकार र विपक्षी दल नेकपा एमाले र राप्रपाबीच योजना समावेश गर्ने सम्बन्धमा आधा दर्जनपटक वार्ता बसेपनि निचोडमा नपुग्दा प्रदेशसभा बोलाउन सरकार हतारिएको थिएन । सांसदका योजना समावेश सहमति कार्यान्वयन हुन नसकेपछि प्रतिपक्ष दल एमाले र राप्रपाले सदनबाटै प्रतिवाद गर्ने रणनीति बनाएका छन् । सरकारले सदनको सहज सञ्चालनका लागि १३ फागुनमा सर्वदलीय बैठक राखेको मन्त्री लामाले जानकारी दिए । सर्वदलीय बैठकमा प्रतिपक्षसँग छलफल हुने र प्रदेशसभा सञ्चालनका लागि अगाडि बढ्ने लामाले विश्वास दिलाए ।

प्रतिपक्षले सदन सञ्चालनमा अवरोध गर्ने चेतावनी दिइरहेको प्रश्नमा लामाले भने, 'सहमतिका लागि सर्वदलीय बैठक बोलाएका छौं । त्याहाँबाट एउटा सहमति गरेर अगाडि बढ्छौं ।', नेकपा एमालेका सांसद एकालाल श्रेष्ठले सहमति कार्यान्वयन नभएसम्म प्रतिपक्षले आफ्नो तरिकाबाट भूमिका निर्वाह गरिराख्ने बताए । जनताको सर्वोत्तमहितका निम्ति उठाइएका योजना कार्यान्वयनमा सरकार बहानाबाजीमा लागेको श्रेष्ठको भनाई छ ।

गत १ असारमा प्रदेश सरकारले ६२ अर्ब ७० करोड रुपैयाँको बजेट ल्याएपछि विपक्षी दलहरु एमाले र राप्रपाले पूर्वाग्रही भएको आरोप लगाउँदै प्रदेशसभा निरन्तर अवरोध गरेका थिए । उनीहरुको अवरोधका कारण प्रदेशसभामा १२ असारमा सुरु भएको बजेटमाथिको छलफल प्रभावित भएको थियो । २० असारमा सांसदका योजना बजेट विनियोजन गर्ने सहमति भएपछि २१ असारमा बजेटमाथि छलफल सकेर पारित गरिएको थियो । सरकारले भने अख्तियारको सुझाव, सर्वोच्च अदालतको अन्तरिम आदेश र कर्मचारीले रकमान्तर गर्न अटेर गरेको कारण देखाउँदै सहमति कार्यान्वयन गर्न चाहेको थिएन ।

चालू आवर्षको बजेट २२ असारमा पास गरेपछि प्रदेशसभा बैठक स्थगित गरिएको थियो । त्यसपछि १८ भदौमा बोलाइएको बैठक बस्दै नबसी स्थगित भयो । २४ र ३० भदौ, १४, १५, २२ असोजमा बसेपछि प्रदेशसभा ठप्प भएको हो । नेवारी र तामाङ भाषालाई प्रदेशको कामकाजको भाषा बनाउने भन्ने विधेयक पास गरेर बर्खे अधिवेशन अन्त्य भएको थियो । आगामी आवको बजेट निर्माणको तयारीमा जुट्नुपर्ने बेला सरकारले हिउँदे अधिवेशन बोलाएको हो ।

### मन्त्रिपरिषद्ले के-के निर्णय गरे ?

प्रदेश सरकारले प्रदेश विश्वविद्यालय स्थापनाका लागि विधान स्वीकृत गरेको छ । बैठकले प्रदेश सार्वजनिक विश्वविद्यालय स्थापनाको लागि सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति समेत दिएको छ ।

मन्त्रिपरिषद् बैठकले हेटौंडामा सार्वजनिक विश्वविद्यालय स्थापनाको लागि प्रदेश उच्चशिक्षा ऐन २०७८ बमोजिम विश्वविद्यालय स्थापना तथा सञ्चालनको विधान स्वीकृत गरेको हो । मन्त्रिपरिषद् बैठकले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको छात्रवृत्ति बापतको २ करोड १० लाख रुपैयाँ थप बजेट विनियोजन गर्ने निर्णय गरेको आर्थिक मामिलामन्त्री लामाले जानकारी दिए ।

बैठकले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ । समितिका लागि १६ जना विभिन्न तहका कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गरेको हो । बैठकले विशेष पद तोक्ने सम्बन्धमा समेत निर्णय गरेको छ । बैठकले काभ्रेको नमोबुद्ध नगरपालिकालाई झोलुंगे पुल निर्माणका लागि अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ । विपन्न दलित सशक्तीकरण कार्यविधि पनि मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको छ भने सामाजिक विकास मन्त्रालयबाट प्रस्ताव पेस भएको शिक्षा नीति २०८० लाई स्वीकृत गर्ने निर्णय गरेको छ ।

बैठकले स्वास्थ्य मन्त्रालय अन्तर्गतको सबै नीतिमा स्वास्थ्य कार्यान्वयन निर्देशिका स्वीकृत गरेको छ । बैठकले प्रदेश स्वयंसेवक ब्युरो गठनका लागि कार्यविधि स्वीकृत गर्ने निर्णय गरेको छ । प्रदेशमा विपद्जन्य घटना हुँदा परिचालन गर्ने गरी प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको र सो अनुसार कार्यान्वयनमा जाने तयारी गरेको मन्त्री लामाले बताए ।

# अटेरी शिवम्, अनुगमनमै सीमित गाउँपालिका

साझाकुरा संवाददाता

हेटौँडा, ८ फागुन/मकवानपुरगढी गाउँपालिका-७ को सुकौरा र ८ को खोटारमा शिवम् सिमेन्टबाट सञ्चालित खानीमा चुनढुंगा उत्खनन् गर्ने क्रममा मापदण्ड विपरीत फालिएको ओभर बटमले खोला नै पुरिएको छ ।



मंगलबार मकवानपुर गढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानको नेतृत्वमा राजनीतिक दलका प्रतिनिधिसहित गरिएको अनुगमनमा खोला नै पुरिने गरी ओभरबटम फालिएको पाइएको गाउँपालिका अध्यक्ष स्याङतानले बताए । अनुगमन टोलीले खानी क्षेत्रबाट निस्किएको ओभरबटम सीधै खोलामा फाल्ने शिवम् सिमेन्टको गैरजिम्मेवार कार्य भएको र कारबाहीको लागि सरोकारवालाको ध्यानाकर्षण गर्ने निष्कर्ष निकालेको छ ।

पालिका अध्यक्ष स्याङ्तानले शिवमले फालेको ओभरबटमले खोला पुरेको विषयमा शिवम्लाई मापदण्डअनुसार सुरक्षित ठाउँमा डम्पिङ गरेर राख्न र रोयल्टी नियमअनुसार पालिकालाई बुझाउन ताकेता गरेको तथा ओभरबटम हटाउन एक महिनाको समय दिए पनि समय सकिँदासम्म नहटाएकाले पुन: अनुगमनमा आएको बताए । जतिपटक अनुगमन जाँदा पनि शिवम् अटेरी देखिएको छ । शिवम् अटेरी बनिरहँदा गाउँपालिका कार्यालय भने अनुगमनमै सीमित बनिरहेको हो । अधिकार सम्पन्न स्थानीय तहका पदाधिकारी नै एउटा उद्योगसँग निरीह बनेको देखिन्छ ।

वर्षातको समयमा ओभर बटमले तल्लो बस्तीमा क्षति पुग्ने हुँदा शिवम्ले नियमअनुसार व्यवस्थापन नगरे खानी नै बन्द गराउनुपर्ने अवस्था आउने अध्यक्ष स्याङ्तानले बताएका छन् । उनले खानीक्षेत्रको स्थानीय सरकारलगायत जिल्ला बन कार्यालय, जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायले अनुगमन गरेर सचेत गराउँदा पनि शिवम्ले अटेर गर्दै आएको स्पष्ट पारे ।

वडा नम्बर ३ का अध्यक्ष भागवत् घिमिरेले शिवम् सिमेन्टको लापरबाहीले मकवानपुरगढीको बस्ती, विद्यालय, खानेपानीलगायत क्षेत्रमा प्रभाव पर्ने देखिएको बताए । ओभरबटमलाई शिवम् सिमेन्टले तत्काल व्यवस्थापन गर्नुपर्ने बताए । ओभरबटम उठाउँदा करको दायरामा आए वा नआएको कडाइसाथ अनुगमन गर्नुपर्ने बताए । वडा नम्बर ७ का वडा सदस्य प्रतिमान रुम्बाले उद्योगसँग खानीबाट निस्किएको ओभरबटम व्यवस्थापन गर्नुपर्ने र भविष्यमा बस्तीलाई खतरा हुनसक्छ भनेर पटकपटक भन्दै आए पनि यस विषयमा सुनुवाइ नभएको बताए ।

# कराते खेलाडी न्यौपानेलाई सम्मान

साझाकुरा संवाददाता

हेटौँडा, ८ फागुन/नेपाल बालकुमारी क्योकुशिन कराते संघको आयोजनामा भएको चौथो ललितपुर महानगर मेयर कप राष्ट्रिय फुलकन्ट्याक्ट कराते प्रतियोगिताको अबसरमा हेटौँडाका बुद्धिनाथ न्यौपाने सम्मानित भएका छन् ।



मकवानपुर जिल्लामा क्योकुशिन करातेको विकास र विस्तारमा उल्लेखनीय भूमिका निर्वाह गरेको भन्दै संघका जिल्ला अध्यक्ष बुद्धिनाथ न्यौपानेलाई सम्मान प्रदान गरिएको हो । संघका संस्थापक अध्यक्ष सुरेन डंगोल, महासचिव विकास महर्जन लगायतले न्यौपानेलाई सम्मान प्रदान गरेका थिए । संघको हरेक गतिविधिमा खटिने विष्णु श्रेष्ठ, सुदर्शन खतिवडा, सुशन श्रेष्ठ, सुमन कर्माचार्य, सीता श्रेष्ठलगायतको सहयोगले संघको कामको उचित मूल्यांकन हुन नसकेको न्यौपानेले बताए ।

यसैगरी, प्रतियोगितामा मकवानपुरको प्रतिनिधित्व गर्दै महिला ४० केजी तौल समूहमा प्रनिशा भ्लोन तृतीय, रिदम थापा ४५ केजी तौल समूहमा द्वितीय, रेस्मा थापा ५० केजी तौल समूहमा प्रथम भएक छन् । लक्ष्मी थिङ ५५ केजी तौल समूहमा तृतीय हुन सफल भएको जनाइएको छ ।

# बागमती गोल्डकपको फाइनलमा एपीएफ



साझाकुरा संवाददाता

हेटौँडा, ८ फागुन/मकवानपुर जिल्लाको बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगितामा शसस्त्र प्रहरीको फुटबल क्लब एपीएफ फाइनल प्रवेश गरेको छ ।

प्रतियोगिताअन्तर्गत मंगलबारको दोस्रो सेमिफाइनलमा त्रिभुवन क्लबलाई १-० गोल अन्तरले पाखा लगाउँदै एपीएफले फाइनलमा स्थान बनाएको हो । बागमती गाउँपालिका फापरवारी स्थित जनता माविको खेलमैदानमा एपीएफले पहिलो हाफको ४ औं मिनेटमा गोलगर्दै अग्रता बनाएको थियो । एपीएफको तर्फबाट फोडेफोफनाले गरेको १ गोल नै खेलको निर्णायक गोल रह्यो ।

अब फाइनलमा एपीएफले मच्छिन्द्रसँग भिड्ने छ । प्रतियोगिता अन्तर्गत सोमबार भएको पहिलो सेमिफाइनलमा न्युरोड टिम (एनआरटी) लाई सहज जीतका साथ मच्छिन्द्रले फाइनल प्रवेश गरेको हो । मंगलबार भएको सेमिफाइनल खेलको म्यान अफ द म्याच एपीएफका बुद्धीमान राई घोषित हुदै नगद १० हजार प्राप्त गरे ।

प्रतियोगिताको फाइनल खेल फाल्गुन १० गते हुनेछ । प्रतियोगिताको विजेता टोलीले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

यस्तै सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्टले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगितामा ७ वटा ए डिभिजन र तीनवटा मोफसलका गरी १० टिमको सहभागिता जनाएको बागमती गाउँपालिका खेलकुद विकास समितिले जनाएको छ ।

# उपचारमा सहयोगको अपिल

साझाकुरा संवाददाता

हेटौँडा, ८ फागुन/मनहरी गाउँपालिकाकी ५४ वर्षीया अनिता गौतमलाई स्वास्थ्यउपचारमा समस्या भएपछि सहयोगको अपिल गरिएको छ ।



माघ १ गते आगलागीबाट घाइते भएकी मनहरी गाउँपालिका-४ मसिनेगोलघर निवासी अनिताको उपचारका लागि आर्थिक समस्या भएपछि सहयोगको अपिल गरिएको हो । हाल काठमाडौंको कीर्तिपुर हस्पिटलमा उपचाररत अनिताको उपचारमा हालसम्म ५८ हजार ४ सय रुपैयाँ खर्च भएको मनहरी गाउँपालिका निवर्तमान उपाध्यक्ष मनिला विष्टले बताइन् । उनको उपचारार्थ केही सहयोगीहरुबाट संकलन गरिएको रकममध्ये अब ७ हजार ५ सय मात्रै बाँकी रहेकोले सहयोगीहरुलाई अपिल गर्नुपरेको विष्टले बताइन् ।

आगो ताप्ने क्रममा कपडामा आगो सल्केर घाइते भएकी अनिता ८ वर्षदेखि एक्लै बस्दै आएकी छिन् । अरुको घरमा भाँडामाझ्ने दैनिक ज्यालादारी काम गर्ने गरेर जुगारा चलाउँदै आएकी उनलाई बचाइदिन विष्टले अनुरोध गरिन् । हालसम्म विभिन्न सामाजिक अभियन्ताहरुबाट सहयोग संकलन गरेर खर्च जुटाएको तर, अझै समस्या भएको विष्टले बताइन् । आर्थिक सहयोगले औषधि उपचार देखि बिरामीलाई चाहिने कपडा खाना खाजा बिरामी कुरुवा समेतको दैनिक खर्च व्यहोर्न समस्या भएको उनले बताइन् ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मकवानपुरे शिक्षामा कोसेढुँगा

एउटै छानामुनी ६ वटा बिधामा स्नात्तकोत्तर अध्ययन गर्ने सुबिधा एकैपटक हेटौंडामा सुरु गर्ने शैक्षिक संस्थाको रुपमा परिचय बनाएको हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सले अन्तराष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ । पञ्जावको लुधियानास्थित पीसीटीई ग्रुप अफ ईन्टिच्युटस्बीच सम्बन्ध बिस्तार गर्ने समभलदारीपत्रमा हस्ताक्षर गर्दै सम्मेलन समापन भएको हो । नेपालकै चर्चितमध्ये एक मानिने हेटौंडा स्कूल अफ म्यानेजमेन्ट र पञ्जावको पीसीटीईबीच विद्यार्थीको तहमा अध्ययन अनुसन्धान आदानप्रदान गर्ने समझदारीपत्रमा आइतबार दुबै संस्थाका प्रमुखबीच हस्ताक्षर भएको हो । नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनका लागि हेटौंडामा आयोजना गरिएको अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा हेटौंडा स्कूल अफ म्यानेजमेन्ट र पञ्जावको पीसीटीईबीच हस्ताक्षर भएको हो ।

सम्मेलनमा शैक्षिक संस्थाका सञ्चालक, उद्यमीव्यवसायी र प्राध्यापक, विद्यार्थीबीच नवप्रवर्तन र उद्यमशीलता विकासका विषयमा अन्तरक्रियात्मक कार्यशाला भएको थियो । हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसको आयोजना तथा सरोकार वाला विभिन्न निकायको साथ र सहयोगमा आयोजित सम्मेलनमा नेदर ल्याण्ड र भारतका बिभिन्न सहरबाट प्रतिनिधि सहभागी भएका थिए । सम्मेलनमा नेदरल्याण्ड, भारत र नेपालका विज्ञहरुले नवप्रवर्तन र उद्यमशीलताको अवधारणा, विश्व परिवेश, सम्भावना र अवसरका विषयमा अन्तरक्रिया गरेका थिए । सम्मेलनको अवसरमा नवप्रवर्तन र उद्यमशीलतामै आधारित भएर विभिन्न परियोजनाको प्रस्तुती गरिएको थियो । सम्मेलनमा विदेशी तथा स्वदेशी विज्ञहरुले उत्तरआधुनिक समयमा सूचना प्रविधिसँगै कृत्रिम वौद्धिकताको समय आइपुग्दा नवप्रवर्तन र उद्यमशीलतालाई गम्भीर र नयाँ ढंगबाट बुझ्न जरुरी भएको उल्लेख गरेका थिए । अन्तर्राष्ट्रिय सम्मेलनमा विभिन्न १२ वटा कार्यशाला, छवटा सेमिनार र तीनवटा प्यानल डिस्कसन गरी अन्तरक्रियात्मक बहस भएको थियो । सम्मेलनमा नेपालमा नवप्रवर्तन र उद्यमशीलताको अवस्था र आगामी सम्भावनाका विषयमा छलफल गरिएको थियो । संघीय संरचना संस्थागत गर्दै जानुपर्ने र प्रदेशको पूर्वाधार निर्माणमा बढी केन्द्रित हुनुपर्ने अवस्था रहेको सहभागीहरुले बताएका थिए ।

नवप्रवर्तनका लागि काम गर्न नीतिगत रुपमा अगाडि बढ्ने तयारी भइरहेको र स्टार्टअप उद्यम ब्यवसाय प्रबर्द्धन गर्न संस्थागत ब्यवस्था र आवश्यक पूर्वाधार विकास गर्ने कार्यमा संघीय, प्रदेश र स्थानीय सरकारले तत्काल काम गर्न जरुरी रहेको सहभागीहरुले बताएका थिए । उद्यम सम्बर्द्धन केन्द्र सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि २०८० को मस्यौदा, राष्ट्रिय स्टार्टअप उद्यम नीति २०८० को मस्यौदामा औद्योगिक ब्यवसायसँग सम्बन्धित बिद्यमान कानूनलाई स्टार्टअप उद्यम ब्यवसायमैत्री हुने गरी संशोधन र आवश्यकताअनुसार नयाँ कानून तर्जूमा गरिने जानकारी दिइएको थियो । सरकारले स्टार्टअप उद्यमलाई प्रबर्द्धन गर्न करमा छुट तथा सहुलियत, बीउपूँजीको ब्यवस्था, सहुलियतपूर्ण ऋण, निर्यातमा नगद अनुदान, जनशक्ति विकास तथा प्राबिधिक सहयोगलगायत बित्तीय तथा गैरबित्तीय सुबिधा र सहयोग उपलब्ध गराउने मस्यौदामा उल्लेख गरिएको छ । उद्यम प्रबर्द्धन केन्द्रले कार्यबिधि बनाएर युवालाई स्वरोजगार बनाउने काम सुरु गरेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन १० गते बिहीबार २२ फेब्रुअरी २०२४ । त्रयोदशी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:३८, सूर्यास्त ५:५८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मिहिनेतको फल मिल्नेछ | **तुला** | : घाउचोट लाग्न सक्नेछ |
| **वृष** | : स्वास्थ्यमा खराबी आउनेछ | **वृश्चिक** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **मिथुन** | : शरीरमा केही आलश्य हुनेछ | **धनु** | : सोचेभन्दा बढी खर्च हुनेछ |
| **कर्कट** | : सफलता मिल्न गाह्रो छ | **मकर** | : मित्रतामा कमी आउनेछ |
| **सिंह** | : यात्राबाट नोक्सान हुनेछ | **कुम्भ** | : कामको जिम्मेवारी बढ्नेछ |
| **कन्या** | : शुभ कामको संकेत मिल्नेछ | **मीन** | : मनोरञ्जन प्राप्त हुनेछ |

# कांग्रेसको महासमितिमा बहस हुनैपर्ने विषय



✍ डा. जितु उपाध्याय

नेपाली कांग्रेसले स्थापना दिवस मनाएको एक महिना पनि भएको छैन । कांग्रेसले पार्टीको पहिलो अधिवेशन भएको मिति २००३ साल माघ १२ र १३ गतेलाई विशेष महत्व दिंदै स्थापना दिवस मनाउने गरेको छ ।

यसरी कांग्रेसले यस वर्ष ७७औं स्थापना दिवस मनाएको हो । पार्टीको स्थापना दिवस मनाउँदै गर्दा यतिबेला कांग्रेस महासमिति बैठकको महाकुम्भमा छ । महाधिवेशनपछिको सबैभन्दा शक्तिशाली निकाय महासमितिले कांग्रेसको आगामी कार्यनीति र कार्ययोजना तय गर्दै पार्टीलाई दिशा दिने अपेक्षा कांग्रेस नेता-कार्यकर्ताको छ भने कांग्रेसले कस्तो नीति अख्तियार गर्छ भन्ने विषयमा सत्ता गठबन्धनका दलहरूभित्र मात्रै नभएर अन्य राजनीतिक दलहरूका लागि पनि चासो र कौतूहलको विषय अवश्य बनेको छ ।

७७ वर्ष पूरा गरेको कांग्रेसको नेतृत्वमा यतिबेला संयोगले ७७ वर्ष नै पुगेका सभापति शेरबहादुर देउवा छन् भने उनका सारथिमा ऊर्जाशील र युवा दुई महामन्त्री छन् । पुरानो र अनुभवी नेतृत्वसँगै नयाँ पुस्ताको आशा र भरोसा गर्न लायक महामन्त्रीहरूको जोडीले कांग्रेसलाई आगामी दिनमा कता डोऱ्याउँछ र यो महासमितिले देशभरबाट काठमाडौंमा भेला भएका कांग्रेसका अगुवा नेता-कार्यकर्ताहरू कस्तो सन्देश लिएर गाउँ फर्किन्छन्, यसका लागि केही दिन कुर्नैपर्ने हुन्छ । तर यो महासमिति बैठकका अगाडि निकै पेचिला र अहम् मुद्दा छन्, जुन विषयमा छलफल र बहस हुन जरूरी छ ।

देशको प्रमुख राजनीतिक शक्ति, पुरानो दल अनि सत्तारुढ दल भएका कारण अहिले मुलुकले भोगिरहेका समस्या र संकटबाट यो महासमिति बैठक टाढा रहनै सक्दैन । झण्डै नौ लाख क्रियाशील सदस्य भएको कांग्रेस पार्टीमा दुई हजारको हाराहारीमा महासमिति बैठकमा देशभरबाट अगुवा नेता-कार्यकर्ता सहभागी छन् ।

### नेपाली कांग्रेस र महासमिति

विगतका महासमिति बैठकभन्दा नितान्त फरक शैली र स्वरुपमा यसपटक कांग्रेसले महासमिति बैठक आह्वान गरेको हो । पार्टी विधानमै महाधिवेशन र नीति अधिवेशनको व्यवस्था गरेको कांग्रेसले नीति अधिवेशनलाई नै महासमितिका रूपमा बोलाएको हो । महाधिवेशनमा नेतृत्व मात्रै चयन गर्ने र पार्टीको नीतिका विषयमा महासमितिमा घनीभूत छलफल गरेर ठोस कार्यनीति र कार्यदिशा बनाउने उद्देश्य लिएको यो महासमिति बैठक आह्वान भएको हो ।

उसो त विधान अनुसार महाधिवेशनको वर्ष बाहेक प्रत्येक वर्ष महासमिति बैठक बोलाउने भन्ने व्यवस्था छ तर त्यसको कार्यान्वयनमा भने कांग्रेस सधैं उदासीन देखिने गरेको इतिहास छ । यो विगतदेखिकै निरन्तरता हो । यतिबेला कांग्रेसकै आन्तरिक राजनीतिक जीवन पनि उति उत्साहजनक नदेखिएको र सत्तामा हुँदा पनि आम नेता, कार्यकर्तामा त्यसको सामान्य पनि अनुभूति नहुँदा यो महासमिति बैठकमा यस विषयमा पक्कै विमर्श गर्ने नै छ ।

उपसभापति पूर्णबहादुर खड्काको नीति प्रतिवेदन, महामन्त्रीद्वयको सांगठनिक र समसामयिक राजनीतिक प्रतिवेदनमाथि मिहिन छलफल हुनुपर्छ र देशभरबाट सहभागी महासमिति सदस्यहरूको सुझावलाई आत्मसात् गरेर आवश्यकता अनुसार प्रतिवेदनहरू संशोधन गरिनुपर्छ ।

त्यति मात्रै होइन, पार्टी पदाधिकारीमा केही पद मनोनित गर्नुपर्ने माग आएका छन् । अहिले कांग्रेसको विधान अनुसार कोषाध्यक्ष बाहेक सबै पदाधिकारी पदमा निर्वाचन हुने व्यवस्था रहेकोमा महिला प्रतिनिधित्व बढाउन पदाधिकारीमा उपसभापति र महामन्त्रीमा महिलालाई मनोनित गर्नुपर्ने माग उठेका छन् । यसको आवश्यकता र औचित्यमाथि महासमितिमा पक्कै छलफल हुनेछ र एउटा निचोडमा पुग्ने विश्वास गर्न सकिन्छ ।

यतिबेला कांग्रेसको केन्द्रीय कार्यसमिति पनि जम्बो छ । अन्य मूलधारका पार्टीभन्दा संख्यात्मक हिसाबले केन्द्रीय समिति सानो भए पनि कांग्रेसको विगतको भन्दा १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति दोब्बर ठूलो हो ।

त्यसकारण कतिपय पदाधिकारी र केन्द्रीय सदस्यहरूले आफूहरूको जिम्मेवारीका बारेमा अनभिज्ञता प्रकट गर्दै पार्टी विधानमै स्पष्ट व्यवस्था गर्नुपर्ने माग गर्दै आएका छन् । यस विषयमा पनि महासमिति बैठकले एउटा निचोड निकाल्नैपर्ने हुन्छ । केन्द्रीय कार्यसमितिलाई चलायमान बनाउन र उनीहरूको भूमिकालाई स्पष्ट पार्न जरूरी छ ।

केन्द्रदेखि वडा तहसम्म गरी कांग्रेसका झण्डै आठ वटा वैधानिक पार्टी संरचना छन् । उनीहरूको गतिशीलता, क्रियाशीलता र प्रभावकारिताका विषय पनि महासमिति बैठकमा छलफलका एजेण्डा हुनैपर्छ । किनकि पार्टीका सबै संरचनाको प्रभावकारी परिचालन र समन्वय विना संगठन क्रियाशील बन्न सक्दैन । नत्र पदमा बस्ने तर जिम्मेवारीबोध नगर्ने प्रवृत्तिले पार्टीलाई गतिहीन बनाउँदै लैजान्छ । पार्टी कमिटीलाई जनतासँग जोड्ने बलियो माध्यम बनाउने गरी स्पष्ट कार्यक्रम ल्याउन ढिलाइ गर्नुहुन्न ।

### महासमिति भेलामा छलफलका विषय राष्ट्रिय मुद्दामा स्पष्टता

यतिबेला देशमा विभिन्न खालका ध्रुवीकरणहरू देखिन थालेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको झण्डै डेढ दशक पुग्नै लाग्दा यतिबेला विभिन्न खालका राजनीतिक, सामाजिक, धार्मिक र साम्प्रदायिक मुद्दाहरू सतहमा देखिएका छन्, यसका विषयमा कांग्रेसले स्पष्ट रूपमा आफ्नो दृष्टिकोण सार्वजनिक गर्नुपर्छ । संविधानमा व्यवस्था गरिएको धर्मनिरपेक्षताको विषयमा देशमा असन्तुष्टिहरू बढ्दै गएका छन् । जातीय राज्य नामकरणको विषयले कोशी प्रदेश निरन्तर अशान्त छ । गणतन्त्रमाथि नै प्रश्न उठेका छन् । संघीयताको औचित्य र आवश्यकतामाथि खुलेरै बहस सुरु भएका छन् । यस विषयमा कांग्रेस अब मौन रहनु किमार्थ जायज हुँदैन ।

कांग्रेसभित्रै एक समूह देशमा हिन्दु राज्यको मुद्दा लिएर अगाडि बढेको छ । महासमिति बैठकमै हस्ताक्षर अभियान चलेको छ । एकातिर संविधान निर्माणदेखि कार्यान्वयनको अगुवाइ कांग्रेस धर्मनिरपेक्षताको पक्षधर छ भने अर्कोतर्फ पार्टीकै नेताहरू हिन्दु राज्यको मुद्दालाई अगुवाइ गर्दै आएका छन् । यसले पार्टीको नीतिका विषयमा जनस्तरमा मात्रै होइन, आन्तरिक पार्टी जीवनमा अन्योल सिर्जना भएको छ । महासमिति बैठकमा यस विषयमा खुलेर बहस हुन जरूरी छ । धर्मनिरपेक्षताको मुद्दामा पार्टीको अडान के हो, स्पष्ट बनाउने बेला आएको छ ।

### शासकीय स्वरूप

हाम्रो जस्तो संसदीय व्यवस्था भएको मुलुकमा पूरा कार्यकाल सरकार सञ्चालनको विषय असम्भव जस्तै देखिन्छ । बीपी कोइरालाको दुई तिहाइको सरकारदेखि २०७४ सालको निर्वाचनमा कम्युनिष्ट पार्टीहरूबीचको चुनावी तालमेलबाट झण्डै दुई तिहाइको सरकार पनि पूरा पाँच वर्ष टिक्न नसक्नु दुर्भाग्य हो । एकल पार्टीको बहुमत हुँदा सरकार सञ्चालनमा आउने अवरोध र व्यवधानले राज्यका सम्पूर्ण प्रणालीलाई नै खलबल्याउने गरेको जगजाहेर छ ।

संसद्बाट निर्वाचित प्रधानमन्त्रीको ध्यान मुलुकको विकासभन्दा पनि सत्ता टिकाउने र मन्त्री रिझाउनैमै बढी व्यतित हुनुपर्ने परिस्थितिको सिर्जना हुनु विडम्बना हो । त्यसकारण पाँचवर्षे पूरा कार्यकाल काम गर्न सक्ने शासकीय व्यवस्थाको सुनिश्चितताका लागि पनि कांग्रेस जस्तो जिम्मेवार दलले सोच्ने बेला आएको छ । आलोपालो शासन चलाउने कुराले मुलुकको दीर्घकालीन हित गर्न सक्दैन । नेपाल विकासमा पछिपर्नुको प्रमुख कारणमध्ये यो महत्वपूर्ण कारण हो । तसर्थ शासकीय स्वरुपका विषयमा कांग्रेसले उपयुक्त बाटो अपनाउन जरूरी छ ।

### निर्वाचन प्रणाली

अहिलेको निर्वाचन प्रणालीले कुनै पनि दलको बहुमत आउने सम्भावना देखिंदैन । समानुपातिक र प्रत्यक्ष निर्वाचन प्रणालीले गर्दा बहुमतको सरकार नबन्ने स्थितिमा फेरि मिलिजुली सरकार बनाउनुपर्ने बाध्यता स्वाभाविक हो । हङ पार्लियामेन्टमा जहिले पनि सरकार गठन विघटनको जोड-घटाउमै दलहरूको ध्यान जाने र सत्तापक्ष जसरी पनि सत्ता टिकाउन जस्तोसुकै गलत प्रवृत्तिसँग पनि सम्झौता गर्नुपर्ने परि स्थितिको अन्त्य गर्न जरूरी छ ।

संसद्मा ठूलो दल भन्दा पनि बहुमतका लागि अंक जुटाउन सक्ने सानो दलले पनि सरकारको नेतृत्व गर्न सक्ने अहिलेको निर्वाचन प्रणालीका कारण पनि जनतामा सरकारप्रति असन्तुष्टि पैदा गरेको हो । तसर्थ प्रतिनिधिसभामा समावेशिताको सुनिश्चितता गर्दै पूर्ण रूपमा प्रत्यक्ष निर्वाचनको व्यवस्था गर्ने र राष्ट्रिय सभालाई पूर्ण समावेशी बनाउन सके अहिलेको अस्थिर राजनीतिबाट देशले मुक्ति पाउँथ्यो कि !

### संघीयता

मुलुकको आवश्यकताभन्दा पनि कतिपय राजनीतिक मुद्दाको सम्बोधनका लागि ल्याइएको संघीयताप्रति नागरिक तहमा चर्को असन्तुष्टि देखिएको छ । संघीय र स्थानीय तह विगतकै संरचना भए पनि प्रदेश संरचनाप्रति नागरिकहरू खुसी देखिंदैन । सानो र गरिब मुलुकमा प्रदेश संरचनाले खर्च बढाएको तर प्रदेशले आफ्नो औचित्य पुष्टि गर्न नसकेको भन्दै आलोचना भइरहेको छ ।

नेताहरूको व्यवस्थापन गर्न प्रदेश सरकारको व्यवस्था गरिएको आरोप संघीयता विरोधीको छ । तर यसलाई गलत सावित गर्न न प्रदेश सरकारले सकेको छ न त संघीयता पक्षधरहरूले नै । त्यसकारण संघीय प्रणालीमा मुलुक गएको छोटो समयमा पनि यसको औचित्यता माथि प्रश्न उठ्नु सामान्य विषय हुँदै होइन । त्यसकारण कि दलहरूले प्रदेशको प्रभावकारि तामा जोड दिन सक्नुपर्छ नत्र नागरिक तहमा उठेका आशंकाहरूको सम्बोधन गर्नुपर्छ तर मुलुकलाई सधैं राजनीतिक प्रयोगशाला बनाइराख्न मिल्दैन ।

### युवा पलायन

'ग्लोबल भिलेज' को मान्यतालाई आत्मसात् गर्ने हो भने देश छोड्ने कुरालाई सामान्य रूपमा लिइन्छ । तर नेपालको पछिल्लो तथ्यांकलाई हेर्ने हो भने यो सामान्य विषय भनेर आँखा चिम्लन पनि सकिंदैन । नेपालको अध्यागमन विभागका अनुसार सन् २०२३ मा नेपालबाट स्थायी बसोबास गर्ने गरी विदेश जानेको संख्या ७० हजार ९१५ छ । अध्ययनको लागि एक लाख ८ हजार ५४२, अस्थायी बसोबास भिसामा ९२ हजार ३४९ र स्थायी बसोबास भिसामा ७० हजार ९१५ र डिपेन्डेन्ट भिसामा २० हजार ६१३ जना युवा नेपाल बाहिर गएका छन् ।

सरकारको अनुमानित तथ्यांकले भन्छ, ५० लाख नेपाली देश बाहिर छन् । पछिल्लो समय त श्रम र अध्ययनका लागि मात्रै नभई, स्वदेशमै राम्रो कमाइ गरिरहेका व्यक्तिहरू पनि पलायन हुने संख्या बढ्दै जानु चिन्ताको विषय हो । यस विषयमा महासमिति बैठकमा गम्भीर छलफल गर्दै सरकारले स्पष्ट सुझाव सहितको कार्ययोजना दिन जरूरी छ ।

### सार्वजनिक शिक्षा र स्वास्थ्य

आज नेपालको सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाका विषयमा धेरै भनिरहनुपर्दैन । दूरदराजदेखि शहरका सार्वजनिक शिक्षालयहरूमा विद्यार्थीको संख्या अत्यन्तै न्यून छ । एकाध विद्यालयलाई छोड्ने हो भने सरकारी सामुदायिक विद्यालयमा आफ्ना सन्तानलाई पढाउन हरकोही अभिभावक खोजिरहेको छैन ।

एकातिर सामुदायिक विद्यालयले विद्यार्थी नपाउने अवस्था छ भने नेपालका कलेज र विश्वविद्यालयको हविगत पनि फरक छैन । त्यसकारण सार्वजनिक शिक्षामा सुधार नभएसम्म मुलुकले दीर्घकालीन विकासको बाटो पछ्याउन सक्दैन । त्यस्तै सहज र गुणस्तरीय स्वास्थ्य सेवा आम नागरिकको पहुँचमा पुग्ने व्यवस्थाको सुनिश्चितताका लागि पनि कांग्रेस जस्तो जिम्मेवार दलले भूमिका खेल्नैपर्छ ।

सातवटा मध्ये चार वटा प्रदेश सरकारको नेतृत्व, संघीय सरकारमा महत्वपूर्ण जिम्मेवारीमा रहेको र स्थानीय तहमा पहिलो पार्टी बनेको कांग्रेसले नागरिक तहमा देखिएका तमाम असन्तुष्टि र निराशालाई चिर्दै पार्टी र राज्यप्रति आशा बढाउने गरी यो महासमिति बैठकबाट सन्देश दिन सक्नुपर्छ ।

नत्र विधानको पालना गर्न मात्रै बोलाइने यस्ता छलफल र बैठक कर्मकाण्डी मात्रै हुनेछन्, यसले कांग्रेसको राजनीतिक जीवनलाई मात्रै होइन, मुलुककै समग्र प्रणालीलाई कमजोर बनाउन सक्नेतर्फ पार्टी नेतृत्व, सिंगो केन्द्रीय कार्यसमिति र महासमिति सदस्यहरूले ध्यान दिन जरुरी छ ।

*(साभार: अनलाइनखबर)*

# सबल, सक्षम र जनताको कांग्रेस



✍ करिना पुरी

नेपाली कांग्रेस यतिबेला महासमिति बैठकको चटारोमा छ । महासमिति बैठक कांग्रेसको नीति निर्माण गर्ने थलो हो । कांग्रेसले अहिले आफ्नो स्पष्ट नीति र कार्यदिशा ल्याउन जरुरी छ । हामीले यो देशको हरेक परिवर्तनको नेतृत्व गऱ्यौं तर यसको जस लिनबाट हामी चुक्यौं । यसले कांग्रेसलाई सधैं दोसाँधको यात्री बनायो । कांग्रेसले अगुवाइ गरेर उपलब्ध भएका परिवर्तनको जस सधैं अरुले लिए ।

हामीले परिवर्तन गऱ्यौं र तिमीले अधिकार पायौ भन्दैमा अहिलेको पुस्ताले मान्नेवाला छैनन् । अहिले के नीति छ र आगामी दिनमा हाम्रा लागि के गर्छ भनेर हेर्न सक्षम पुस्तालाई हामीले हाम्रो भिजन स्पष्ट रूपमा दिन सक्नुपर्छ । हामी यहींनेर चुकेका छौं । हामीले नयाँ पुस्ताका लागि के गर्छौं भनेर स्पष्ट भिजन दिन सकेका छैनौं ।

बीपी कोइरालाले अंगीकार गरेको समाजवाद अहिले हाम्रो नेतृत्वले अंगीकार गर्न सकेको छैन । बीपीले आफ्नो समयमा हरेक नेपालीको आफ्नो घर होस्, त्यस घरमा उसको आफ्नो गाई होस् र उसका छोरा छोरी विद्यालय जान सकून् भन्ने हिसाबले समाजवादको कल्पना गरेका थिए । आज पनि बीपीको त्यो सपना साकार हुन सकेको छैन । आवश्यकता बदलियो होला तर अवस्था बदलिएको छैन । हाम्रो नेतृत्वले बीपीको त्यही कुराको सार बुझ्न नसक्दा कांग्रेस जनताको होइन, नेताको मात्र पार्टी बन्न पुगेको छ ।

नेपाली कांग्रेसले धेरैपटक सत्ताको स्वाद चाखेको छ । अहिले पनि सत्तामै छ, तर नेपाली जनताले समाजवादको अनुभूत गर्न पाएका छैनन् । हाम्रा नेताहरू सत्तामा पुग्नेबित्तिकै किन आलोचित बनेका छन् ? मुख्य प्रश्न यो हो । जनतामा निराशा छाएका बेला पार्टीले नयाँ योजना र कार्यक्रम ल्याए न पार्टीप्रतिको आकर्षण बढ्छ, सधैं एउटै रटान गरेर पार्टीप्रतिको आकर्षण बढाउन सकिन्न ।

पार्टीभित्र आन्तरिक न्याय छ कि छैन भन्ने मूल विषय हो । ४० प्रतिशतको हिस्सा बोकेको शक्ति जहिले बाहिर छ । भ्रातृसंस्थाहरूको मनोनयन मनलाग्दी गरिएको छ । संगठनमा उसको योगदान कति छ भन्ने होइन, उसले आफ्नो गुटको चाकडी कति गरेको छ भनेर हेर्ने प्रवृत्तिले भ्रातृसंस्था नेतृत्वको छाया बनेको छ । पार्टीको मेरुदण्डका रूपमा र हेका भ्रातृसंस्थामा मनोनीत प्रथाको अन्त्य गरेर यथाशीघ्र अधिवेशन गर्ने वातावरण निर्माण गर्न यो महासमिति बैठक केन्द्रित हुनुपर्छ ।

पार्टीको क्रियाशील सदस्यता अधिवेशनको समयमा मात्र खुला गरिन्छ । अधिवेशनको समय भनेको गुट कसरी बलियो बनाउने भन्ने मान्यता राख्ने बेला हो । यो समय साँच्चै क्रियाशीलभन्दा पनि भोट दिने मान्छेले सदस्यता पाउँछ, यस कारण पार्टीको विधानले तय गरेको प्रक्रिया पूरा गरेकालाई जुनसुकै समय क्रियाशील सदस्य बनाउने व्यवस्था गरिनुपर्छ ।

पार्टीको चलायमान अवयव भनेका विभाग हुन्, विधानले स्पष्ट व्यवस्था गरेको समय सीमामा विभाग बनेका छैनन् । पार्टीको केन्द्रीय समितिमै विभाग मात्र होइन, संसदीय बोर्डजस्तो संवेदनशील निकायले समेत पूर्णता पाएको छैन । मैले मेरो आदरणीय पार्टी सभापतिलाई अनादर गर्न खोजेकी होइन, तर पार्टीलाई प्राइभेट कम्पनी जसरी चलाउन खोज्दा उनी त सुरक्षित रहलान्, सिंगो पार्टी आफ्नो लक्ष्यबाट कता जान्छ भन्ने सोच्न जरुरी छ । हामी समाजवादमा आस्था राख्ने कार्यकर्ता सिद्धान्त भुलेर उनको कुरामा सती जान सक्दैनौं, पार्टी बचाउने हाम्रो अभिभारा हो, त्यसैले यो महासमिति बैठकले पार्टीलाई त्यो जञ्जालबाट बाहिर ल्याउन जरुरी छ, त्यस अनुसार सोच्न म सबै महासमिति सदस्यलाई आग्रह गर्दछु ।

नेपाली कांग्रेस यो मुलुकमा अबको ५ वा १० वर्षका लागि मात्र होइन । धेरै युग नेपालमा कांग्रेसले नेतृत्व गर्नु छ तर अहिलेको नेतृत्वले आफू कसरी सेभ हुने मात्र सोचेको छ । कांग्रेस लोकतान्त्रिक पार्टी हो । सत्ता या सत्ताबाहिर हुँदा नै किन नहोस्, सधैं कांग्रेस जनताको पक्षमा बोल्नुपर्छ । तर अहिले सत्तामा जानकै लागि गठबन्धन गरेर कांग्रेसले आफ्नो साख गिराएको छ । पार्टी नेतृत्वले सत्ता र शक्तिभन्दा कार्यकर्ताको भावना र चाहनालाई सोच्नुपर्छ । र, यो कुरा महासमिति बैठकमा उठ्न जरुरी छ । युवा विद्यार्थीको यति बेलाको रोजाइ विदेश बनेको छ । यसलाई रोक्न कांग्रेसले स्पष्ट नीति बनाउनुपर्छ । आफैं सरकारमा सहभागी भएका कारण पनि युवा स्वरोजगार र रोजगारमूलक शिक्षाको नीति कांग्रेसले लिनुपर्छ, तर अहिलेको सरकारले यसतर्फ ध्यान दिएको देखिँदैन ।

अर्थतन्त्र धराशायी छ भन्ने समाचारले आम नागरिकमा नकारात्मक धारणा बनिरहेको छ । अर्थतन्त्रमा सुधार ल्याउन धार्मिक एवं सांस्कृतिक पर्यटन प्रवर्द्धनमा कांग्रेसले स्पष्ट नीति ल्याउनुपर्छ । पार्टीले आफ्नो आर्थिक नीति भुलेर जोसँग मिल्यो ऊसँगको नीति अख्तियार गर्दा पार्टीको आर्थिक नीति के हो भन्ने जनतालाई जानकारी छैन । यो बैठकले अर्थनीतिको विषयमा पनि स्पष्ट पार्न जरुरी छ । पछिल्लो समय किसानको मुद्दामा कांग्रेस मौन छ, हामीलाई केही फाइदा नपुग्ने जंगली जनावरका कारण किसानका बालीनालीमा क्षति पुगेको छ । किसानलाई राहत दिने विषयमा कांग्रेसले स्पष्ट अडान लिनुपर्छ । रासायनिक मलको अभाव छ, तर कांग्रेसले यस विषयमा बोलेको छैन ।

समावेशिताको सन्दर्भमा पनि कांग्रेस स्पष्ट बन्नु जरुरी छ, जनसंख्याको ५१ प्रतिशत हिस्सा ओगटेका महिलालाई ३३ प्रतिशत मात्रमा सीमित राख्नु कांग्रेसको प्रजातान्त्रिक मान्यता विपरीत हो । सबै वर्ग र सम्प्रदायका महिला समेटिने गरी पार्टीका सबै निकायमा महिलाको समान सहभागिता हुने अवस्था सिर्जना गरिनुपर्छ । सँगै सबै क्लस्टरका आरक्षण निश्चित अवधिका लागि मात्र गर्ने व्यवस्था कांग्रेसको विधानमा गरिनुपर्छ । पार्टीको कुनै पदमा चुनाव लड्ने व्यक्ति एउटै पदमा बढीमा दुईपटक मात्र आरक्षण कोटाबाट चुनाव लड्न पाउने व्यवस्था विधानमा हुनुपर्छ । एउटा व्यक्ति एकपटकभन्दा बढी समानुपातिक कोटामा सांसद उम्मेदवार हुन नपाउने व्यवस्था पनि पार्टी विधानमा हुन जरुरी छ ।

समग्रमा कांग्रेसको नीति र नेतृत्वको चरित्र फरक हुँदा कांग्रेस आफ्नो लक्ष्यबाट विचलित भएको हो कि भन्ने भान भएको छ, तर पार्टीले जुन उद्देश्य बोकेको छ, त्यसलाई कार्यान्वयन गराउन यो महासमिति बैठक सफल हुनेछ र अबको कांग्रेस मुलुकको माटो सुहाउँदो राजनीतिक दल मात्र होइन सबल र सक्षम जनताको पार्टी बन्नुपर्छ, यो हाम्रो संकल्प र विश्वास हो । यो अबको आवश्यकता पनि हो ।

*(साभार: रातोपाटी)*

# १४ लाख बङ्गुर र बँदेल अफ्रिकन स्वाइन फिभरको उच्च जोखिममा



काठमाडौँ/नेपालमा पछिल्लो समय 'अफ्रिकन स्वाइन फिभर' रोगका कारणले करिब १४ लाख घरपालुवा बङ्गुर र जङ्गली बँदेल उच्च जोखिममा रहेको नेपाल पशु चिकित्सा परिषद्ले जनाएको छ । नेपालका करिब ४ लाख किसान परिवारले गर्दै आएको बङ्गुर पालन पेशा नै अहिले सङ्कटग्रस्त अवस्थामा पुगेको परिषद्ले जनाएको हो ।

विश्व पशु स्वास्थ्य संगठनले दिएको वैज्ञानिक तथ्य र नेपालमा यसले पारेको प्रभावलाई आधार मान्दा समयमै रोग नियन्त्रण गर्न नसकेमा सो रोगबाट ४० प्रतिशत बङ्गुर थप सङ्क्रमित हुने देखिएको छ । सो रोगबाट सङ्क्रमित पशुमध्ये ६६.६ प्रतिशतको मृत्यु हुने अनुमान परिषद्को छ ।

हाल बङ्गुरको मृत्यु र रोग नियन्त्रणमा लाग्ने खर्चलाई मात्र आधार मान्दा प्रति सङ्क्रमित बङ्गुर २७ हजार ९२७ रुपैयाँ प्रत्यक्ष नोक्सान हुने परिषद्को अध्ययनले देखाएको छ । यो रोगको समयमै उपचार, नियन्त्रण तथा रोकथाम गर्न नसकेको अवस्थामा करिब ५ लाख ४३ हजार बङ्गुरमा सङ्क्रमण फैलिने, जसका कारण करिब ३ लाख ६१ हजार मर्ने र १५ अर्ब १६ करोड ४९ लाख बराबरको आर्थिक क्षति हुने परिषद्को अनुमान छ ।

२०७९ ज्येष्ठ २ गते नेपालमा पहिलो पटक देखिएको अफ्रिकन स्वाइन फिभर हालसम्म नेपालका २८ वटा जिल्लामा देखिसकेको छ ।

### पशुपालन सङ्कटग्रस्त

नेपालको अर्थतन्त्रमा करिब ११.५ प्रतिशत हिस्सा राख्ने पशुपालन क्षेत्र अफ्रिकन स्वाइन फिभर, लम्पी स्किन रोग, बर्डफ्लु, खोरेत, पीपीआर लगायतका विभिन्न रोगका कारण सङ्कटग्रस्त हुँदै गइरहेको परिषद्को दाबी छ । गत वर्ष लम्पी स्किन रोगले करिब १५ लाख ३७ हजार गाई/भैँसी सङ्क्रमित भई ६५ हजार चार सयको मृत्यु भएको सरकारी तथ्याङ्क छ । सो बराबर करिब ७५ अर्ब ५२ करोड बराबरको आर्थिक नोक्सानी गरेको अनुमान गरिएको थियो ।

पशुका विभिन्न महामारीका कारण नेपालमा वार्षिक खर्बौँको क्षति भइरहेको छ । यस किसिमका महामारीहरूको समयमै रोकथाम र नियन्त्रण गर्दै पशुपालक किसानहरूलाई उच्च मनोबलका साथ पेसामा टिकाइ राखी पशु तथा पशुजन्य पदार्थहरूको उत्पादन र उत्पादकत्व बढाउनु अपरिहार्य देखिएको परिषद्ले जनाएको छ ।

गण्डकी प्रदेशमा यस रोगले पारेको प्रभावबारे प्राप्त प्रतिवेदनअनुसार हालसम्म गण्डकी प्रदेशका ४ जिल्लामा उक्त रोग फैलिएको छ । सोबाट १६ हजार पाँच सय ५४ बङ्गुरहरू मरेका छन् । जसबाट करिब ५० करोड बराबरको आर्थिक नोक्सानी भएको देखिएको परिषद्ले जनाएको छ ।

विश्व पशु स्वास्थ्य संगठनका अनुसार यो रोग देखिएको ठाउँमा पशुमा रोग फैलिने दर ४० देखि ५० प्रतिशत छ । यो रोगको मृत्युदर १०० प्रतिशत सम्म देखिने गरेको परिषद्ले जनाएको छ ।

### देशभर १३ लाख ५८ हजार बङ्गुरको संख्या

नेपालमा कुल १३ लाख ५८ हजार बङ्गुरको संख्या रहेको परिषद्ले जनाएको छ । यसमध्ये कोशीमा ५७.५ प्रतिशत छ । यस्तै, लुम्बिनी १४.२ प्रतिशत, बागमती ९.८ प्रतिशत र गण्डकी प्रदेशमा ९.३ प्रतिशत रहेको छ । जहाँ बढी बङ्गुरको संख्या छ सो क्षेत्रका किसानको आर्थिक नोक्सानीको हिसाबले उच्च जोखिममा रहेका परिषद्ले उल्लेख गरेको छ ।

यो रोगको विषाणु दिसा, रगत तथा मासुमा लामो समय सम्म बाच्ने भएकाले वातावरण समेत लामो समयसम्म सङ्क्रमित हुने परिषद्ले जनाएको छ । आगामी दिनहरूमा रोग देखा पर्ने उच्च जोखिम देखिन्छ । यो रोगबाट बङ्गुर मर्दा हुने क्षति, औषधि उपचार र रोग नियन्त्रणमा लाग्ने खर्च, सङ्क्रमितपछि जीवित रहेका बङ्गुरको आहारको खर्च लगायतले पार्ने सामाजिक र आर्थिक प्रभाव ठुलो रहेको परिषद्ले उल्लेख गरेको छ ।

भाइरसको सङ्क्रमणले गर्दा घरपालुवा तथा जङ्गली सुँगुर प्रजातिमा लाग्ने यो रोगका कारण पशुमा उच्च मृत्यु हुने गरेको पाइएको छ । यो रोग लागेका पशुहरूमा तुहिने, सङ्क्रमण देखिएको ठाउँमा लामो समय बङ्गुर पालन सुचारु गर्न नसकिने लगायत समस्या हुने परिषद्ले उल्लेख गरेको छ । यो रोग निको भएका पशुलाई पूर्ववत् अवस्थामा ल्याउनुको लागि थप पोषण खर्च बढ्न गई किसानको ठुलो धनराशिको नोक्सान भइरहेको उल्लेख छ ।

### दरबन्दी करिब ६० प्रतिशत रिक्त

अफ्रिकन स्वाइन फिभर रोगको उपचार, रोकथाम तथा नियन्त्रण गर्नका लागि आवश्यक पर्ने जनशक्ति स्थानीय तहमा रहेको पशु चिकित्सकहरूको दरबन्दी करिब ६० प्रतिशत रिक्त रहेको परिषद्ले जनाएको छ । ती जनशक्ति अधिकांश स्थानीय तहका वडाहरूमा पशु स्वास्थ्य प्राविधिकहरूको उपस्थिति न्यून रहेको छ । संघ, प्रदेश र स्थानीय तह बिचको कमजोर समन्वय र सहकार्यका कारण रोग देखिएको लामो समय पछि थाहा हुने र सङ्क्रमण द्रुत गतिमा फैलिई एकदमै छिटो महामारीको रूप लिइरहेको देखिन्छ ।

### कसरी गर्ने अफ्रिकन स्वाइन फिभर न्यूनीकरण ?

नेपालका पशुचौपायामा देखिने महामारीविरूद्ध लड्न तत्काल कानुन निर्माण देखि भेटेरिनरी सेवाको पुनर्संरचना गरी अस्पताल र जनशक्ति थपी सघन रोग नियन्त्रणमा जुट्न अत्यावश्यक देखिएको परिषद्ले जनाएको छ ।

अफ्रिकन स्वाइन फिभर लगायतका रोगहरूको समयमै रोकथाम र नियन्त्रण गरी किसानको पशु धनलाई जोगाई स्वस्थ समाज र सबल अर्थतन्त्रमा टेवा पुऱ्याउनका लागि 'नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५' को दफा ९ (छ) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरूलाई निम्न सुझाव परिषद्ले दिएको छ ।

१) सङ्क्रमित क्षेत्रबाट बङ्गुर वा बङ्गुरजन्य पदार्थ तथा रोग फैलाउन सक्ने जुनसुकै सामाग्रीको ओसार पसारमा रोक लगाउने,
२) सङ्क्रामक पशु रोग नियन्त्रण ऐन विधेयक पारित नहुन्जेल सम्म तत्काल नेपाल सरकारबाट अफ्रिकन स्वाइन फिभर रोगको नियन्त्रण गर्न आवश्यक पर्ने राष्ट्रिय निर्देशिका/कार्यविधि/कार्ययोजना जारी गर्ने,
३) रोगको नियन्त्रण तथा रोकथामको लागि देशभरको अफ्रिकन स्वाइन फिभरको रिपोर्टिङ, तथ्याङ्क व्यवस्थापन, लजिस्टिक व्यवस्थापन र प्रतिकार्यका क्रियाकलापहरूलाई थप व्यवस्थापन, समन्वय तथा संयोजन गर्न संघीय, प्रादेशिक र स्थानीय स्तरमा 'अफ्रिकन स्वाइन फिभर कन्ट्रोल रुम' को स्थापना गर्ने,
४) रोगको सङ्क्रमण देखिएका सबै स्थानीय तहहरूमा कम्तीमा एकजना दर्तावाल पशु चिकित्सक र पशु स्वास्थ्य प्राविधिकहरूको टोलीसहित 'र्‍यापिड रेस्पोन्स टिम' अविलम्ब परिचालन गर्ने,
५) उच्च जोखिम भएका प्रदेश, जिल्ला र स्थानीय तहहरूमा रोगको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक जनशक्ति, आधारभूत भेटेरिनरी औषधि, निसङ्क्रामक रसायनको आपूर्ति र समन्वयको लागि बजेट व्यवस्थापन गर्ने,
६) अन्य प्रदेशहरूमा पशु रोग फैलन नदिन भौगोलिक रूपमा महत्त्वपूर्ण मानिएका स्थानहरू जस्तै बुटवल- पोखरा खण्ड, तनहुँको आबुखैरेनी, कैलालीको चिसापानी, सुर्खेतको छिन्चु लगायतका महत्त्वपूर्ण ठाउँमा पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसार नियमन र नियन्त्रण गर्ने गरी रोगलाई अन्य ठाउँमा फैलिन नदिन पशु क्वारेनटाइन चेकपोस्टहरूको स्थापना गर्ने,
७) किसानको क्षतिको वैज्ञानिक मूल्याङ्कन गरी राहत दिने, वैकल्पिक पशु पालन व्यवसायमा सहायता गर्ने र 'पोष्ट आउट ब्रेक व्यवस्थापन योजना' तयार गरी कार्यान्वयन गर्ने,

**मध्यकालीन तथा दीर्घकालीन परामर्श:**

१) सङ्क्रामक पशु रोग नियन्त्रण विधेयकलाई द्रुत गतिबाट अगाडी बढाउने ।
२) प्रत्येक स्थानीय तहमा प्राथमिक प्रयोगशाला सेवा र खोप भण्डारण सुविधासहितको भेटेरिनरी अस्पताल स्थापना गर्न आगामी वर्षहरूमा तिनै तहका सरकारको स्रोतबाट बजेट व्यवस्थापन गर्दै भेटेरिनरी सेवा र भौतिक संरचनाको न्यूनतम मापदण्ड तोकी निर्माण कार्य क्रमगत हिसाबमा अगाडी बढाउने ।
३) हरेक स्थानीय तहमा दर्तावाल पशु चिकित्सक र हरेक वडा स्तरमा पशु स्वास्थ्य प्राविधिक सहितको भेटेरिनरी सेवा प्रदान गर्न सक्ने गरी जनशक्ति व्यवस्थापन योजना बनाई क्रमश: बजेटको व्यवस्था गर्दै जाने ।
४) जिल्लास्थित भेटेरिनरी अस्पताललाई आधारभूत प्रयोगशालासहितको विशेषज्ञ भेटेरिनरी सेवा प्रदान गर्न सक्ने गरी स्तरोन्नति गर्न आवश्यक भौतिक संरचना र जनशक्ति व्यवस्थापनको कार्य योजनाबद्ध हिसाबले अगाडी बढाउने ।
५) पशु रोगको सर्भिलेन्स तथा रिपोर्टिङलाई प्रभावकारी बनाउन प्रत्येक प्रदेशमा केन्द्रीय प्रयोगशालाको मातहत रहने गरी रिफरल प्रयोगशालाको रूपमा संघीय प्रयोगशालाहरूको स्तरोन्नति गर्ने र निजी भेटेरिनरी प्रयोगशालाको न्यूनतम मापदण्डहरू तोकी रोग सर्भिलेन्सको कार्यमा सहभागी गराउने ।
६) प्रत्येक प्रदेशमा खोप भण्डारण केन्द्र र प्रत्येक जिल्लामा खोप बैङ्कको स्थापना गर्ने ।
७) मौजुदा भेटेरिनरी सेवाको संरचनाले पशु महामारीहरूलाई समयमै रिपोर्टिङ, रोकथाम, उपचार र नियन्त्रण जस्ता कार्यहरू गर्न नसकेको विगतका लम्पी स्किन रोग, बर्डफ्लु जस्ता महामारीहरूले पारेको प्रभावले पाठ सिकाएकोले, किसानको पशुधनको सुरक्षा, मानव स्वास्थ्यको संरक्षण र निर्यात प्रवर्द्धनलाई केन्द्रविन्दूमा राखी भेटेरिनरी सेवाको व्यापक संस्थागत पुनर्संरचना गर्ने ।
८) नेपाल सरकारले भेटेरिनरी सेवालाई आवश्यक सेवामा राखेकोले भेटेरिनरी सेवामध्ये पशु उपचार सेवा, प्रयोगशाला सेवा र पशु क्वारेनटाइन सेवालाई तत्काल र बाँकी अन्य सेवालाई बिस्तारै २४ सै घण्टा सञ्चालन गर्ने गरी कानुनी संरचनागत र जनशक्ति व्यवस्थापन गर्नु पर्ने ।
९) सरकारी छात्रवृत्तिमा पढेका पशु चिकित्सकहरूलाई कम्तीमा २ वर्ष सम्म दुर्गम जिल्लामा गएर काम गर्ने व्यवस्था मिलाउने ।

*(स्रोत: रातोपाटी)*

# 'दयारानी'ले गऱ्यो हिट दाबी




काठमाडौँ/माओत्से गुरुङको डेब्यू निर्देशित फिल्म 'दयारानी'लाई हिट दाबी गरिएको छ । मंगलबार एक पोस्टरमार्फत् कलेक्सन रिपोर्टसहित हिट दाबी गरिएको हो । फिल्मको कलेक्सन २ करोड ५० लाख उल्लेख छ । यद्यपि, फिल्मको कलेक्सनलाई पुष्टि गर्ने आधार छैन । किनकि, तालुकवाला सरकारी निकाय चलचित्र विकास बोर्डले केही महिनादेखि बक्स अफिस तथ्यांक सार्वजनिक गरेको छैन ।

फिल्मको कलेक्सन रिपोर्टसहितको पोस्टर अभिनेता दयाहाङ राईले फेसबुकमा साझेदार गर्दै दर्शकप्रति आभार व्यक्त गरेका छन् । दोस्रो हप्तामा पनि फिल्मलाई मल्टीप्लेक्सहरुले सुखद् शो बाँडेका छन् । देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले बुधबारका लागि देशभर २८ शोज उपलब्ध गराएको छ, जुन उत्साहप्रद हो । यसले पनि फिल्मको व्यापार राम्रो रहेको देखाउँछ ।

विशेषगरी पोखरामा फिल्मको व्यापार बलियो छ । त्यहाँको मिडटाउन सिनेमाजले बुधबारका लागि चार शो उपलब्ध गराउनुले पनि पोखरामा दर्शकको चाप राम्रो रहेको संकेत गर्छ । पोखरा निर्देशक गुरुङको जन्मथलो हो । यसैले त्यहाँका हलमा उनको नामको प्रभाव बढी परेको हुनसक्छ । बुटवल, दमौली र इटहरीका हलमा पनि फिल्म हेर्ने दर्शकको चाप राम्रो रहेको वितरकको दाबी छ ।

'दयारानी'मा दयाहाङ राईको जोडी अभिनेत्री दीया पुनसँग बाँधिएको छ । विजय बराल, नयन गुरुङ, शिरिषा कुँवर, पुष्कर गुरुङ, प्रमिश गुरुङ लगायतको पनि अभिनय रहेको फिल्मले नि:सन्तान दम्पतीको कथा उठाएको छ । फिल्ममा 'ए हो र, आफू को हो र !' संवाद बोल्ने नयनको कामलाई दर्शकले विशेष रुचाएका छन् । फिल्मका कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् ।

# 'महाजात्रा' टिजरमा पैसाको चक्कर



काठमाडौँ/'जात्रा' फ्रेन्चाइजको तेस्रो श्रृंखला 'महाजात्रा'को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट १२ सेकेण्डको टिजरमा पैसाले उत्पन्न गराउने परिस्थितिलाई देखाइएको छ । एक गाडी पैसा लुकाउन प्रस्ताव आएपछि तीन पात्र (विपिन कार्की, रविन्द्र सिंह बानियाँ र रविन्द्र झा)ले गर्ने संघर्ष र बेहोर्नुपर्ने हैरानीमा टिजर केन्द्रित छ । टिजरमा अभिनेता हरिवंश आचार्य नेताको शैलीमा चित्रित छन् ।

'जात्रा' फ्रेन्चाइजको अघिल्ला दुई श्रृंखला पैसा र सुनमा केन्द्रित भएर बनेका थिए । 'महाजात्रा' भने सत्ता र पैसामा आधारित रहेको टिजरले संकेत गर्छ । कमेडी त यो फ्रेन्चाइजको विशेषता नै हो । टिजरमा पनि त्यसको छनक देखिन्छ । प्रदीप भट्टराईको लेखन तथा निर्देशन रहेको फिल्ममा राजाराम पौडेल, वर्षा राउत, दिव्यदेव, शिशिर वाङ्देल, प्रकाश घिमिरे आदिको पनि अभिनय छ ।

आगामी चैत ९ गतेदेखि प्रदर्शन हुन लागेको फिल्मको कार्यकारी निर्माता रविन्द्र सिंह बानियाँ हुन् भने म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल निर्मातामा छन् । फिल्ममा पुरुषोत्तम प्रधानको छायांकन रहेको छ । निर्देशक भट्टराईले फिल्ममा प्रेम, मित्रता, परिवार र राष्ट्रियताको विषयलाई उठाएको बताएका छन् । यसपटक 'जात्रा' र 'जात्रै जात्रा'भन्दा माथि उठेर फिल्म बनाएको उनको दाबी छ ।

# एक्सन फिल्मको लयमा बलिउड




एजेन्सी, काठमाडौँ/कुनै बेला लभस्टोरी फिल्मको ठूलो बोलबाला रहेको बलिउडमा यतिबेला एक्सन फिल्मको दबदबा बढेको छ । सन् २०२३ मा मात्र एक्सन फिल्मले विश्वव्यापी झण्डै ३ हजार करोडको कमाई गरे । यसले पनि बलिउडमा फेरि एक्सन फिल्मको जगजगी सुरु भएको देखाउँछ । र, यतिबेला प्राय: मेकर एक्सन फिल्मको तयारीमा छन् । प्रदर्शनको पखाईमा रहेका फिल्महरु पनि प्राय: एक्सन छन् ।

२०२४ मा एक्सन फिल्मको सुरुवात सिद्धार्थ आनन्द निर्देशित 'फाइटर'बाट भयो । यसमा एरियल एक्सन थियो । अब अर्को एक्सन फिल्म 'क्र्याक' यही शुक्रबार अर्थात् २३ फेब्रअरीमा रिलिज हुँदैछ । एक हप्ता अगाडि सार्वजनिक ट्रेलर हेर्दा एक्सनमा नयाँ शैली देखिन्छ । विद्युत जामवाल र अर्जुन रामपालको एक्सन जबर्जस्त छ । एमी ज्याक्सन र नोरा फतेहीको पनि फिल्ममा अभिनय छ ।

आगामी मार्च १५ मा रिलिज हुन लागेको अभिनेता सिद्धार्थ मल्होत्रा स्टारर 'योद्धा' पनि एक्सन फिल्म हो । करण जोहरको निर्माण रहेको फिल्मको सोमबार सार्वजनिक टिजर 'एक्सन प्याक्ड' देखिन्छ । प्लेन हाइज्याक गर्ने आतंककारीसँग सिद्धार्थको लडाइँलाई टिजरमा देखाइएको छ । पुष्कर ओझा र सागर आम्ब्रेको निर्देशन रहेको फिल्ममा दिशा पटानी र राशि खन्नाको पनि अभिनय छ ।

त्यस्तै, अभिनेता वरुण धवनको मुख्य भूमिका रहने फिल्म 'बेबी जोन' पनि एक्सन जनरामा निर्माण हुँदैछ । 'जवान' फेम्ड एटलीको निर्देशनमा बन्न लागेको यो तमिल फिल्म 'थेरी'को हिन्दी रिमेक हो, जसलाई एटलीले नै निर्देशन गरेका थिए । बलिउड सुपरस्टार अक्षय कुमार र टाइगर श्राफ अभिनीत फिल्म 'बडे मियाँ छोटे मियाँ' पनि एक्सनमा आधारित छ । यो अप्रिल ९ मा रिलिज हुँदैछ ।

निर्देशक रोहित शेट्टी पनि यस वर्ष एक्सन फिल्म 'सिंघम अगेन' लिएर आउँदैछन् । त्यसैगरी, सलमान र शाहरुख खानको 'टाइगर भर्सेस पठान', रणवीर सिंहको 'डन ३', जोन अब्राहमको 'तेहरान' र 'वेदा', शाहिद कपूरको 'देवा', सिद्धान्त चतुर्वेदीको 'युधरा', राघव जुयालको 'किल' लगायतका फिल्म पनि एक्सनमा आधारित छन् । यसरी हेर्दा अब बलिउडले एक्सन लय समातेको प्रष्ट देखिन्छ ।

# प्रावि शिक्षकमा मागभन्दा ६८३ कम परीक्षार्थी पास

काठमाडौँ/शिक्षक सेवा आयोगले यसवर्ष प्राथमिक तहमा माग गरे अनुसार शिक्षक पदपूर्ति नहुने भएको छ । आयोगले २०७९ चैतमा काठमाडौँ बाहेक ७६ जिल्लामा सात हजार ९५४ शिक्षक माग गरेको थियो ।

त्यस अनुसार गत २० जेठमा सामान्य र १३ असोजमा विषयगत परीक्षा सञ्चालन गरेको थियो । १३ असोजमा लिएको विषयगत परीक्षाको नतिजा सार्वजनिक गर्दा माग गरेभन्दा ६८३ जना परीक्षार्थी कम उतीर्ण भएका छन् ।

७६ मध्ये ४३ जिल्लामा मात्र माग गरेअनुसार परीक्षार्थी उतीर्ण भएका छन् । उतीर्ण भएकाहरुको अन्तर्वार्ता २० फागुनदेखि जिल्ला शिक्षा समन्वय इकाइमा हुनेछ । कोशीमा इलाम र धनकुटामा मात्र माग संख्या अनुसार परीक्षार्थी उतीर्ण भएका छन् । बाँकी १२ जिल्लामा कम प्ररीक्षार्थी उतीर्ण भएका छन् । त्यसमध्ये सबैभन्दा बढी सोलुखुम्बुमा ७०, ओखलढुंगामा ५४, मोरङमा ३७ जना कम परीक्षार्थी उतीर्ण भएका छन् ।

मधेशमा सर्लाही, बारा, पर्सा र सप्तरीमा मात्र मागअनुसार शिक्षक उतीर्ण भएका छन् । लिखित परीक्षामा माग गरेभन्दा धनुषामा ४०, सिरहामा १५, महोत्तरीमा २५ र रौतहटको १३ जना कम परीक्षार्थी उतीर्ण भएका छन् ।

बागमतीका काठमाडौँ बाहेकका जिल्लामा कुल एक हजार ३३२ शिक्षक माग गरेकामा १५३ जना कम परीक्षार्थीले मात्र लिखित परीक्षामा नाम निकालेका छन् ।

दोलखामा १८, नुवाकोटमा ११, काभ्रेपलाञ्चोकमा ४०, चितवनमा ३ जना कम परीक्षार्थी अन्तर्वार्ताका लागि छनोट भएका छन् । सिन्धुली, धादिङ, सिन्धुपाल्चोक, रामेछाप, भक्तपुर, ललितपुरमा मात्र माग अनुसार परीक्षार्थी उतीर्ण भएका छन् ।

गण्डकीमा बाग्लुङ, तनहुँ, गोरखा, नवलपरासी, लमजुङ र मुस्ताङमा माग अनुसार परीक्षार्थी पास भएका छन् । कास्कीमा २५ र पर्वतमा १८ जना कम परीक्षार्थी अन्तर्वार्ताका लागि छनोट भएका छन् । लुम्बिनीमा अर्घाखाँचीमा ११, पाल्पामा ४, रुकुमपूर्वमा १७ जना कम परीक्षार्थी उत्तीर्ण भएका छन् ।

कर्णालीमा सुर्खेतबाहेक अन्य जिल्लाले माग अनुसार शिक्षक पाउने देखिएको छ । सुर्खेतमा ६९ जना माग भएकामा ६३ जना उतीर्ण भएका छन् । सुदूरपश्चिमको बाजुरामा १८ र डडेलधुरामा १ जना कम परीक्षार्थी उतीर्ण भएका छन् । अरु जिल्लामा भने माग अनुसार परीक्षार्थी उतीर्ण भएका छन् ।

### किन भयो यस्तो ?

शिक्षक सेवा आयोगको परीक्षार्थीहरुको तयारी कमजोर भएको यस क्षेत्रका जानकारहरु बताउँछन् । शिक्षा शास्त्र केन्द्रीय विभागका शिक्षण सहायक बाबुराम राईका अनुसार प्रावि तहको शिक्षक उतीर्ण हुन अंग्रेजी, गणित, नेपाली, सामाजिक विषय पढाउन सक्ने गरी तयारी गर्नुपर्छ ।

परीक्षार्थीहरु स्वअध्ययन भन्दा ट्युसन पढेर परीक्षा दिने तयारी गर्दा कमजोर देखिएको राईको बुझाइ छ । ट्युसन सेन्टरहरुले नयाँ विचार दिने, तर्क गर्ने, व्यवहारिक ज्ञान दिने भन्दा पनि प्रश्नको उत्तर घोकाउने काम गर्ने हुनाले त्यत्तिको भरले शिक्षकको परीक्षा उतीर्ण गर्न कठिन हुने शिक्षक सहायक राईले बताए ।

शिक्षाविद् मिनाक्षी दाहाल परीक्षार्थीको तयारी र परीक्षा तथा परीक्षण मापदण्डबीच तालमेल नहुँदा माग गरिए अनुसार परीक्षार्थी उतीर्ण नभएको बताउँछिन् । कमजोर ग्रेड ल्याउनेहरुले पनि प्रतिस्पर्धा गर्न पाउने व्यवस्थाले परीक्षामा सहभागीको संख्या बढी देखिए पनि अपेक्षा गरे अनुरुप शिक्षक नपाउने अवस्था रहेको उनको बुझाइ छ । *(स्रोत: अनलाइनखबर)*

# यातायात र डीडीसी प्रमुखलाई दुर्व्यवहार गरेको आरोपमा मोहन वैद्यको पार्टीका दुई नेता पक्राउ



काठमाडौँ/यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजाल र दुग्ध विकास संस्था (डीडीसी) का महाप्रबन्धक सञ्जीव झालाई दुर्व्यवहार गरेको घटनामा संलग्न रहेको आरोपमा दुई जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मोहन वैद्य नेतृत्व क्रान्तिकारी कम्युनिस्ट पार्टीको युवा संगठनका केन्द्रीय सदस्य शुकबहादुर परियार र कर्णाली प्रदेश इन्चार्ज दीपेन्द्र शाही छन् ।

संगठनको कास्की जिल्ला संयोजक समेत रहेका शुकबहादुरलाई पोखराबाट पक्राउ गरेर काठमाडौँ ल्याइएको उपत्यका प्रहरी प्रमुख एआईजी दीपक थापाले संचारकर्मीसँग पुष्टि गरे ।

प्रहरीका अनुसार, शुकबहादुर २९ माघमा भएको यातायात विभागका महानिर्देशक रिजाल र ४ फागुनमा डीडीसीका महाप्रबन्धक झालाई दुर्व्यवहार गरिएको दुवै घटनामा संलग्न छन् । विकल्प उपनाम भएका शाही भने डीडीसीको घटनामा संलग्न रहेको प्रहरीको भनाइ छ ।

उनीहरुले दुई निकायका प्रमुखलाई दुर्व्यवहार गर्नुअघि चन्दा मागेको अनुसन्धानमा संलग्न अधिकृतहरु बताउँछन् । तर, चन्दा नदिएपछि भ्रष्टाचारको विषय जोडेर मोसो दलेको प्रहरीको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बसपार्क क्षेत्रका ठेला व्यवसायी आन्दोलित

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ उचितस्थानमा ठेला व्यवसाय सञ्चालनको माग गर्दै हेटौंडा-१० बसपार्क क्षेत्रका ठेला व्यवसायी आन्दोलित बनेका छन् । ठेला व्यवसायको लागि उचितस्थानको माग गर्दै उनीहरुले १० नम्बर वडा कार्यालय परिसरमा मंगलबार धर्ना दिएका हुन् ।



हेटौंडा-१० स्थित प्रस्तावित घण्टाघर निर्माणस्थलमा व्यवसाय गर्दै आएका ३५ व्यवसायीलाई वडा कार्यालयले अन्यन्त्र सारेपछि उनीहरु आन्दोलित बनेका हुन् । मंगलबार ठेला सहित वडा कार्यालय पसिरमा धर्नाका लागि पुगेका व्यवसायी र नगरप्रहरीबीच केहीबेर ठेलमठेल समेत भएको थियो । वडा कार्यालयले तोकेको स्थान व्यावसायिक रुपले उपयुक्त नभएको उनीहरुको भनाइ छ ।

वडा कार्यालयले ठेला व्यवसायीलाई काम गरीखाने वातावरण नबनाएको ठेला व्यवसायीको आरोप छ । फुटपाथ क्षेत्रमा व्यापार गर्न पाउनुपर्ने वा वडा कार्यालयले रोजगारी दिनुपर्ने उनीहरुको माग छ । यता १० नम्बर वडाका वडाअध्यक्ष फुर्वादोर्जे लामाले ठेला व्यवसायीको माग पूरा गर्न नसकिने बताए । फुटपाथ सबैको साझा सम्पति भएको बताउँदै वडाअध्यक्ष लामाले बुधवार बुद्धचोक, सीमाचोक लगायतका चोकमा व्यवसाय गर्न पाउँ भन्दै आन्दोलन होला त्यो सबै पूरा गर्न नसकिने बताए ।

उनले वडा कार्यालयले तोकेको स्थानमा व्यवसाय सञ्चालन गर्न ठेला व्यवसायीलाई आग्रह गरे । यसैबीच, १० वडाका जनप्रतिनिधि र ठेला व्यवसायीबीच भएको वार्ता विनानिश्कर्ष टुङ्गिएको छ । मंगलबारको वार्ताबाट माग सुनुवाइ नभएको भन्दै विरोधको कार्यक्रमलाई जारी राख्ने व्यवसायीले बताएका छन् ।

# हेटौंडामा अनलाइन मार्फत गुनासो दर्ता हुने




साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ हेटौंडा उपमहानगरपालिकाले गर्दै आएको काम कारवाहिको बिषयमा अनलाइन तथा फोन मार्फत गुनासो दर्ता गर्ने स्वचालित प्रणालि सञ्चालनमा ल्याएको छ ।

नगरवासीलाई सेवाप्रवाह, स्थानीय विकासलगायत अन्य बिषयमा परेको समस्याबारे गुनासो गर्न कार्यालयसम्म धाउनुपर्ने अवस्थालाई मध्यनजर गर्दै उपमहानगरले अनलाइन र फोनमार्फत गुनासो सुनुवाईको व्यवस्था मिलाएको हो । गुनासो दर्ताका लागि उपमहानगर पालिकाले सफ्टवेयर सञ्चालमा ल्याउँदै घरमै बसेर फोनमार्फत वा इन्टरनेट सेवाको मध्यमबाट गुनासाहरु टिपाउन सक्ने हेटौंडा उपमहानगरपालिकाले जनाएको छ ।

उपमहानगरका अनुसार इन्टरनेट सेवामार्फत कार्यालय बाहेकको समयमा पनि कार्यालयको वेभसाइटमार्फत लिखित र ०५७-५९७००१ फोन मार्फत मौखिक गुनासाहरु रेकर्ड गराउँन सकिने बताइएको छ । उपमहानगरका अनुसार अहिलेको लागि नेपाल टेलिकमको टेलिफोन वा मोवाइल सेवामार्फत गुनासोको भ्वाइस रेकर्ड गराउँन सक्नेछन् भने केही समयभित्रै अन्य सेवा प्रदायकको फोन तथा मोवाइलबाट समेत गुनासो रेकर्ड गराउने सक्ने तयारी भैरहेको उपमहानगरपालिका सूचना शाखाले जनाएको छ ।

उपमहानगरले सेवाग्राहिलाई आफ्ना गुनासा दर्ता गराई सेवालाई समस्यारहित बनाउने काममा सहयोग गर्न आग्रह गरेको छ ।

# दूध र दुग्धजन्य पदार्थको आयातमा प्रतिबन्ध

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ सरकारले दुध तथा दुग्ध उत्पादनको आयातमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय अर्न्तगतको कृषि तथा पशुपन्छी व्यवसाय, प्रर्वद्धन महाशाखाले आन्तरिक खपतमा समस्या देखिएको भन्दै आयात स्थगन गरेको जानकारी दिएको हो । महाशाखाले खाधप्रविधि तथा गुणनियन्त्रण विभागलाई सोबारेमा जानकारी गराएको छ ।



अहिले आयात हुँदै आएको चिल्लो हटाइएको दूध (स्कीम्ड मिल्क), चिनी वा अन्य गुलियोपदार्थ नहालिएको (डब्लुएमपी), डेरी ह्वाइटनर, मिल्क पाउडरलगायको पैठारीमा पूर्णरोक लगाउने निर्णय गरेको हो । यस्तै जमाएको वा नजमाएको, चिनी हालेको वा नहालेको, गुलियो पारेको वा नपारेको, नौनी (बटर), घ्यूको पैठारीमा पनि पूर्णरोक लगाएको छ । यस्तै प्रशोधित, भुजुरी वा धुलो नपारेको चिज, भुजुरी पारेको वा धुलो पारेको सबै प्रकारको चिजको पैठारीमा पूर्णरोक लगाइको छ ।

मन्त्रालयको फागुन २ को निर्णयानुसार अर्को निर्णय नभएसम्मका लागि लागि दुध तथा दुग्धजन्यपदार्थ आयात गर्न रोक लगाइएको मन्त्रालय अर्न्तगतको क्वारेन्टाइन समन्वय शाखाअधिकृत सुजित पौडेलले जानकारी दिए । उनका अनुसार दुध तथा दुग्धजन्यपदार्थहरुको बढ्दो आन्तरिक उत्पादनसँगै आन्तरिक खपत (उद्योगको समेत) सोही रुपमा हुन नसक्ने, बाह्य मुलुकमा सम्भाव्य वस्तुहरुको निर्यात हुन नसक्नु र निरन्तर आयातको कारणले आन्तरिक दुध तथा दुग्धजन्य पदार्थको अत्यधिक मौज्दात हुँदा समस्या सृजना भएकाले आयातमा प्रतिबन्ध लगाइएको हो ।

# एसईई तयारी गरिरहेका विद्यार्थीलाई खाना

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ मकवानपुरको विकट कैलाश गाउँपालिकास्थित एक विद्यालयले एसईईको तयारी गरिरहेका कक्षा १० का विद्यार्थीलाई विद्यालयमै खानाको व्यवस्था गरी अध्यापन गरि रहेको छ ।



कैलाश गाउँपालिका-१० मर्याङकोटस्थित रत्नज्योति माविले एसईईको तयारी गरिरहेका विद्यार्थीलाई खानाको व्यवस्था गरी अध्यापन गरि रहेको हो । विद्यालयबाट २ घण्टासम्मको दुरीबाट विद्यार्थी एसईई तयारी एवम् नियमित कक्षा अध्ययनका लागि आउनु पर्ने भएकाले विद्यालयले विहानको खानाको व्यवस्था गरेको सहायक प्रधानाध्यापक निर्जन दुलालले जानकारी दिए ।

'बिहान सबेरैबाट कोचिङ सुरु हुने र दिउँसो नियमित कक्षा पनि हुने भएकाले २ घण्टा दुरीसम्मका विद्यार्थीले घरमा खाना खान नभ्याउने भएकाले विद्यालयले आन्तरिक स्रोतबाट विहानी खानाको व्यवस्था गरेको छ ।', उनले भने । विद्यालयले कक्षा १० मा अध्ययनरत २४ जना विद्यार्थीलाई विहान खानाको व्यवस्था गरेको छ भने दैनिक आउजाउ गर्न नभ्याउने ६ जना विद्यार्थीलाई आवासको व्यवस्था गरेको छ ।

माघ २१ गतेबाट विद्यालयले उनीहरुलाई खानाको सुविधा दिईरहेको र दैनिक करिब ३ हजार रुपैयाँ खर्च भईरहेको सहायक प्रधानाध्यापक दुलालको भनाई छ । विद्यालयसँग पर्याप्त स्रोत नहुँदा पनि जसोतसो विद्यार्थीको एसईई तयारीमा असर नपरोस् भनेर यस्तो व्यवस्था गरेको विद्यालयले जनाएको छ । यसबर्षको एसईई कक्षा चैत १५ गतेबाट सुरु हुने भएकाले यो अवधीसम्म विद्यार्थीलाई यस्तो सुविधा उपलव्ध गराउने विद्यालयको भनाई छ ।

# प्रदेश र स्थानीय तहले बल्ल पाए पोहोरको रोयल्टी हिस्सा

काठमाडौं, ८ फागुन/ सरकारले गत वर्ष प्राकृतिक स्रोत प्रयोगबापत् संकलन गरेको रोयल्टी हिस्सा प्रदेश र स्थानीय तहले बल्ल पाएका छन् । आइतबारको मन्त्रिपरिषद् बैठकले प्राकृतिक स्रोतबाट गत वर्ष संकलन भएको रोयल्टीमध्ये प्रदेश र स्थानीय तहले पाउने हिस्सा उनीहरूलाई हस्तान्तरण गर्ने निर्णय गरेको थियो ।

'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस भएबमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच रोयल्टी बाँडफाँटका आधार, विधि र वित्तीय हिस्सा सहितका अनुसूचीहरू स्वीकृत गर्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूलाई रकम हस्तान्तरण गर्ने' भन्ने निर्णय मन्त्रिपरिषद्रूबाट भएको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा प्राकृतिक स्रोतबाट उठेको रोयल्टीको ५० प्रतिशत हिस्सा संघमा रहन्छ । बाँकी ५० प्रतिशतबाट २५-२५ प्रतिशत प्रदेश र स्थानीय तहले पाउने व्यवस्था ऐनमा छ ।

प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँट गर्न विभाज्य कोष खडा गर्ने प्रावधान छ । पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतको रोयल्टीबाट प्राप्त रकम उक्त कोषमा जम्मा गरिन्छ ।

गत आव २०७९/८० मा सरकारले कुल ११ अर्ब ८ करोड रुपैयाँ रोयल्टी संकलन गरेको थियो । त्यो रोयल्टीको आधा हिस्सा संघले राख्छ । बाँकी रकममध्ये आधा प्राकृतिक स्रोत तथा वित्त आयोगले बनाइदिएको मापदण्डका आधारमा प्रदेशबीच बाँडफाँट हुन्छ । त्यसैगरी बाँकी २५ प्रतिशत रकम पनि आयोगको सिफारिस बमोजिम स्थानीय तहहरूले प्राप्त गर्छन् ।

जुन स्रोतबाट रोयल्टी संकलन भएको हो, त्यसको ५० प्रतिशत संघ सरकारले प्राप्त गर्छ । प्रदेश र स्थानीय तहले पाउने र कममध्ये जुन स्थानको प्राकृतिक स्रोतबाट रोयल्टी संकलन भएको हो, त्यसलाई प्राथमिकता दिएर आयोगले तय गरेको मापदण्डका आधारमा रोयल्टी बाँडफाँट हुन्छ ।

उदाहरणका लागि सुपर मादी जलविद्युत् आयोजनाबाट प्राप्त हुने रोयल्टीमध्ये प्रदेशले पाउने २५ प्रतिशतको सबै हिस्सा गण्डकी प्रदेशले प्राप्त गर्छ । किनभने, यो आयोजना गण्डकी प्रदेशमा मात्रै छ ।

त्यस्तै स्थानीय तहले पाउने २५ प्रतिशतको सबै हिस्सा मादी गाउँपालिकाले मात्रै पाउँछ । तर, रुकुमगाड जलविद्युत् आयोजनाबाट प्रदेशले पाउने सबै रकम लुम्बिनीले पाउने भए पनि स्थानीय तहले पाउनेमध्ये ६२.५ प्रतिशत सिस्ने गाउँपालिका र ३७.५ प्रतिशत भूमे गाउँपालिकाले प्राप्त गर्ने वित्त आयोगले सिफारिस गरेको छ । विद्युत् आयोजनाको भौगोलिक अवस्थितिलाई ५० प्रतिशत भार, प्रभावित प्रदेश वा स्थानीय तहको क्षेत्रफल र जनसंख्यालाई २५-२५ प्रतिशत भारका आधारमा उनीहरूले पाउने रोयल्टीको हिस्सा तय भएको हो ।

# नाबालकसहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ८ फागुन/ प्रहरीले मकवानपुरको मनहरी गाउँपालिका वडा नं.६ सुनाचुरीबाट सोमबार लागूऔषधसहित दुईजना नियन्त्रणमा लिएको छ ।

मनहरीबाट लोथरतर्फ पैदल हिडिरहेका तनहुँ भिमाद नगर पालिका-७ पल्ट्याङ बस्ने १६ बर्षीय किशोर र २४ बर्षीय बिशाल परियारलाई नियन्त्रणमा लिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीले उनीहरुको साथबाट क्युनोफिन ८ एम्पुल, डाईजेपाम ८ एम्पुल र फेनारगन ८ एम्पुल बरामद गरेको छ ।

प्रहरीको नियन्त्रणमा रहेका उनीहरुमाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३

# चितवन र लुम्बिनी पेट्रोलियम ब्लक अब ठेकेदारलाइ

काठमाडौं, ८ फागुन/ सरकारले चितवन र लुम्बिनी क्षेत्रका सम्भावित पेट्रोलियम खानीका ब्लकलाई ठेकेदारमार्फत अन्वेषण र उत्खनन गराउने भएको छ । २५ माघमा बसेको मन्त्रिपरिषद बैठकले १० वटा पेट्रोलियम ब्लकमध्ये ४ नम्बरको लुम्बिनी र ५ नम्बरको चितवन ब्लकमा पेट्रोलियम कार्य ठेकेदार कम्पनीबाट स्वीकृत गराउने निर्णय गरेको हो ।

तर, सोमबार सञ्चार तथा सूचनाप्रविधि मन्त्री रेखा शर्माले सार्वजनिक गरेको मन्त्रिपरिषदको निर्णयमा यसबारे स्पष्ट खुलाइएको छैन । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा 'नेपालको तराई र चुरेको केही भाग समेटिएको क्षेत्रलाई पूर्वबाट पश्चिमसम्म विभाजन गरिएको १० वटा पेट्रोलियम अन्वेषण खण्डमध्ये ठेकेदार हरूबाट पेट्रोलियम अन्वेषण सम्बन्धी कार्य गर्न स्वीकृति दिने निर्णय भएको सार्वजनिक गरिएको छ । निर्णयको विवरणमा कुन-कुन खण्डका लागि त्यस्तो अनुमति दिएको भन्ने स्पष्ट छैन । खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरेका अनुसार अहिले चितवन र लुम्बनीका २ वटा ब्लकमा अन्वेषणका लागि मात्रै मन्त्रिपरिषदबाट अनुमति लिइएको हो ।

यसअघि २०६९ र २०७१ सालमा पटक-पटक गरी सरकारले लुम्बिनी ब्लकको अन्वेषण अनुमतिपत्र बेलायती मूलको स्कटिस कम्पनी केरिन इनर्जीबाट र चितवन ब्लक अमेरिकाको टेक्साना रिसोर्सेजबाट फिर्ता लिएको थियो । त्यतिबेला केरिनले चितवनसहित धनगढी, कर्णाली, वीरगञ्ज र मलंगवा ब्लकमा अन्वेषणको जिम्मा लिएपनि लामो समय काम गरेको थिएन ।

अनुमतिपत्र खोसिएको टेक्सानाले नेपालगञ्ज ब्लक पनि पाएको थियो । जनकपुर र राजबिराज ब्लकमा ईएबी र विरानगगर ब्लकमा बीबीबीले अन्वेषणको अनुमति लिएर अलपत्र छाडेको थियो । काम नभएपछि सरकारले १० वटै ब्लकहरुबाट विदेशी कम्पनीलाई दिएको अन्वेषणको अनुमतिपत्र रद्ध गरेको थियो ।

खानी तथा भूगर्भ विभागका महानिर्देशक घिमिरे प्रयोगका रुपमा पहिलो चरणमा २ वटा ब्लकमा विदेशी कम्पनीलाई प्रतिस्पर्धामार्फत अनुमति दिन खोजिएको बताउँछन् । 'यसअघि १० वटै ब्लक विदेशी कम्पनीलाई दिएपनि सशस्त्र द्वन्द्वलाई कारण देखाएर कसैले काम गरेनन्, पछि ठेक्का तोडियो', उनले भने, 'यो ब्लकहरुमा विदेशी लगानी पनि ल्याउन सक्छौं ।'

लामो सयमसम्म अन्वेषण रोकिएपछि फेरि ठेकेदार कम्पनी मार्फत काम गराउन लागिएको उनको भनाइ छ । 'दैलेखमा चीन सरकारले अन्वेषका लागि आगामी अप्रिलदेखि ड्रिलिङ गर्दैछ, तराई र चुरे क्षेत्रका ब्लकहरुमा विदेशी कम्पनी ल्याउनका लागि भने मन्त्रिपरिषदको अनुमतिअनुसार ग्लोबल टेन्डर गर्छौं', उनले भने, 'अहिले टेन्डर डकुमेन्ट तयार गरिरहेका छौं ।' टेन्डर डकुमेन्ट तयार गरेर मन्त्रालयबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था रहेको उनले बताए । त्यसपछि ९० दिनको समय दिएर अन्तर्राष्ट्रिय बोलपत्र आह्वान हुने घिमिरेले बताए ।

प्रधानमन्त्री तथा मन्त्रि परिषद कार्यालय स्रोतका अनुसार पेट्रोलियम ब्लकहरुलाई आगामी लगानी सम्मेलनमा 'सो केस'मा राख्ने योजना छ । यसकै लागि मन्त्रि परिषदबाट यस्तो निर्णय भएको स्रोतको दाबी छ ।

तर, विभागका महानिर्देशक घिमिरे यसबारे छलफल भएपनि टुंगो लागिनसकेको बताउँछन् । 'एउटामा काम हुन सक्यो भने अरुमा पनि गर्न सकिन्छ भन्ने हो', उनले भने ।

**भारतीय कम्पनीको चासो**

प्रधानमन्त्री निकट स्रोत भने भारतीय अर्बपति गौतम अडानीको 'अडानी ग्रुप'ले नेपालको विमानस्थल जलविद्युत तथा हाइड्रोजन उत्पादन सहित पेट्रोलियम अन्वेषण र उत्खननमा चासो दिएको छ । त्यसैले मन्त्रिपरिषदबाट भएको यो निर्णय अर्थपूर्ण रहेको स्रोतको दाबी छ । केही समयअघि नेपाल आएका अडानी समूहका अधिकारीहरुले नेपालमा पेट्रोलियम उत्खनन सम्भावनाबारे चासो व्यक्त गरेका थिए ।

संसारकै धनी व्यक्तिको सूची (फोर्ब्स म्यागेजिन) मा १६औं स्थानमा रहेका भारतीय उद्योगी गौतम अडानी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका निकटका मानिन्छन् । मोदी सरकारसँगको साँठगाँठमा नै अडानी समूह पछिल्ला वर्षहरुमा धेरैथरिका उद्योग व्यवसायमा स्थापित हुँदै गएको चर्चा गरिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना